आज मिति २०८१/०१/०७ गते पिपरा गाउँपालिकाको अध्यक्ष श्री राम जानकी यादव ज्युको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न बमोजिमका पदाधिकारीहरु को उपस्थिति तपशिलको उल्लेखित प्रस्तवहरु माथि छलफल गरि निर्णय गरियो।

उपस्थिति:

| क्र.स | नाम थर | गाउँपालिकाको पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रामजानकी यादव | प्रमुख | |
| २ | श्री वन्दना पाण्डेय | उपप्रमुख | |
| ३ | श्री राजेश कुमार दास | वार्डअध्यक्ष १ | |
| ४ | श्री संजित कुमार यादव | वार्ड अध्यक्ष २ | |
| ५ | श्री किशोरी अधिकारी | वार्ड अध्यक्ष ३ | किशोरी |
| ६ | श्री विदेही पासवान | वार्ड अध्यक्ष ४ | |
| ७ | श्री हरिशंकर प्रसाद यादव | वार्ड अध्यक्ष ५ | |
| ८ | श्री अरुण पुर्वे | वार्ड अध्यक्ष ६ | |
| ९ | श्रीमधुवेन्द्र झा | वार्ड अध्यक्ष७ | |
| १० | श्री रिता देवी | कार्यपालिका सदस्य | रिता देवी |
| ११ | श्री रामसखी देवी | कार्यपालिका सदस्य | रामसखी |
| १२ | श्री लिलम देवी | कार्यपालिका सदस्य | लिलम |
| १३ | श्री शोभा देवी | कार्यपालिका सदस्य | शोभा देवी |
| १४ | श्री धिरेन्द्र महतो | कार्यपालिका सदस्य | धिरेन्द्र |
| १५ | श्री राजकिशोर भण्डारी | कार्यपालिका सदस्य | राजकिशोर भण्डारी |
| १६ | श्री सन्तोष कुमार मिश्र | सदस्य सचिव | |

कर्मचारी:

१. श्री विरेन्द्र राय,स्वास्थ्य संयोजक पिपरा गाउँपालिका

२. श्री वलिराम यादव,इन्जिनियर, पिपरा गाउँपालिका

३. श्री राजीव कुमार [illegible]

प्रस्तावहरु :

१. सवास्थय तर्फ करारमा कर्मचारी भर्नाको परीक्षा किसिम सम्वन्धमा।

२. प्रशासकीय भवंन(Construction of Administrative Building) को कायदिश सम्वन्धमा।

## निर्णयहरुः

**निर्णय न.१.**: प्रस्ताव न.१ माथि छलफल गर्दा पिपरा जनता अस्पतालको लागी विभिन्न मितिमा भएको विज्ञापनवाट विभिन्न पद तथा श्रेणीका कर्मचारीहरु भर्ना गर्नु पर्ने भएकोमा पिपरा गाउँपालिकाले स्वीकृत गरेको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि २०७९ मा लिखित तथा अन्तरवार्ता परिक्षाको माध्यमवाट कर्मचारी छनौट गर्न सकिने व्यवस्था भएकोमा समय अभाव तथा अस्पतालको अति संवेदनशील इमर्जेन्सी तथा वर्थिग सेवा संचलान गर्न कठिनाई भइरहेको हुनाले अन्तरवार्ता परिक्षावाट नै कर्मचारी छनौट गरि भर्ना गर्ने निर्णय गरियो।

**निर्णय न.२**: प्रस्ताव न.२ माथि छलफल गर्दा प्रशासकीय भवनको ठेक्का मिति २०८०/०१/१० गते मा PPMO.E-GP,www.bolptra.gov.np/egp मा प्रकाशित सुचना वमोजिम मिति २०८०/०२/२४ गते सोको आशयको सुचना समेत प्रकाशित भईसकेको र सव भन्दा कम रकम कबुल गर्ने SMT Construction pvt.Ltd,Kathmandu लाई कायदिश दिई काम काज अगाडी वढाउने निर्णय गरियो।

Scanned with CamScanner